nepalpostdaily.com
# नेपाल पोष्ट डेली
दैनिक
30°C । वर्ष : ११, अंक : ०७ पृष्ठ ४ । आइतबार,०८ भदौ २०८२ । SUNDAY, AUGUST 24, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## हैजा नियन्त्रणमा सरकारको सक्रियता : मन्त्री प्रदीप यादवको निर्देशनमा बीरगन्जमा पानी परीक्षण टोली खटियो

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

वीरगञ्जमा हैजा संक्रमण बढ्दै गएपछि संघीय सरकारको तर्फबाट पनि तत्काल कदम चालिएको छ । खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन मन्त्रालयले मन्त्री प्रदीप यादवको निर्देशनमा पानी परीक्षणका लागि मोबाइल भ्यानसहितको प्राविधिक टोली वीरगन्जमा खटाएको छ । खानेपानी परीक्षणका लागि आवश्यक उपकरणसहितको टोली हाल हैजा प्रभावित क्षेत्रहरूमा सक्रिय रहेको मन्त्री यादवले जानकारी दिएका छन् । "तराई-मधेसमा खानेपानीको समस्या पुरानै हो," उनले भने, "तर अहिले वीरगन्जमा हैजा देखिनु गम्भीर चिन्ताको विषय हो, त्यसैले हामीले तत्काल पानी परीक्षणको व्यवस्था गरेका छौं ।"मन्त्री यादव



शनिबार स्वयं वीरगन्जको मूर्ली र नारायणी अस्पताल पुगेर हैजाबाट संक्रमित बिरामीहरूको अवस्थाबारे जानकारी लिएका थिए। त्यहाँ उनले पानीको स्रोत, सरसफाइ र ढल व्यवस्थापनको अवस्थाबारे निरीक्षण गरेका थिए। उनले स्थानीय प्रशासन तथा स्वास्थ्य अधिकारीहरूसँग समन्वय गरी हैजा नियन्त्रणका लागि प्रभावकारी उपायहरू तत्काल लागू गर्न निर्देशन पनि दिएका छन् ।खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ईन्जिनियर रामकुमार श्रेष्ठले मन्त्रीको निर्देशनपछि विभागबाट आवश्यक उपकरण र 'पियुष' लगायतका शुद्धिकरण सामग्रीसहित प्राविधिक

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्जमा हैजा समुदायस्तरमै फैलियो, महानगरको आपतकालीन अभियान तिव्र

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

बीरगन्जमा हैजाको संक्रमण समुदायस्तरमै फैलिएको पुष्टि भएपछि बीरगन्ज महानगरपालिका आपतकालीन रूपमा नियन्त्रण र रोकथाम अभियानमा जुटेको छ । शुक्रबार राति वडा नं. १२ को मुर्ली टोलमा हैजाको लक्षण देखिएपछि तत्काल स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको थियो । शनिबारसम्म आइपुग्दा संक्रमण वडा नं. ११, १३ र १६ मा समेत फैलिएको पुष्टि भएको छ । महानगर प्रमुख राजेशमान सिंहले शनिबार स्वास्थ्य संस्थाका सञ्चालकहरूसँगको बैठकमा सबै जनशक्ति, साधन र स्रोत परिचालन गरी संक्रमण नियन्त्रणमा तत्काल प्रभावकारी कदम चाल्न निर्देशन दिएका छन् । संक्रमित वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र समुदायस्तरमै निगरानी बढाउन समेत उनले जोड दिए ।
महानगरले ३२ वटै वडाका स्वास्थ्यकर्मीलाई बोलाएर उच्च




जोखिम भएका क्षेत्रहरूमा प्राथमिकताका आधारमा खटाएको छ । साथै, आपतकालीन अवस्था व्यवस्थापनका लागि स्वास्थ्यकर्मी, औषधि, एम्बुलेन्स र अन्य सवारी साधन स्ट्यान्डबाइमा राखिएको छ । अहिले वडा नं. १ देखि १६ लाई उच्च जोखिम क्षेत्र मानिएको छ, जहाँ टोलीहरू घर-घरमै पुगेर सचेतना फैलाउँदै सरसफाइ र उपचारमा सहयोग गरिरहेका छन् । संक्रमण नियन्त्रणलाई सहज बनाउन महानगरले हेल्प डेस्क र सूचना केन्द्र स्थापना गरेको छ, जसबाट नागरिकलाई हैजासम्बन्धी जानकारी, आपतकालीन सम्पर्क र उपचारका लागि आवश्यक समन्वय उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।
हैजा फैलिएको मुख्य केन्द्र मुर्ली टोलमा करिब ३० जनामा झाडापखालाको लक्षण देखिएपछि उनीहरूलाई उपचारका लागि तराई अस्पताल भर्ना गरिएको थियो । नारायणी अस्पताल र जनस्वास्थ्य कार्यालयको समन्वयमा गरिएको परीक्षणमा तीन जनामा हैजाको जीवाणु 'भिब्रियो कोलेरा' पुष्टि भएको छ । अहिले नारायणी अस्पताल, बीरगन्ज हेल्थकेयर र तराई अस्पताललगायत स्वास्थ्य संस्थाहरूमा झाडापखालाका

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्जका सबै विद्यालय हैजा संक्रमणको जोखिममा दुई दिनका लागि बन्द

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

हैजाको संक्रमण बढ्दै गएपछि बीरगन्ज महानगरपालिकाले जोखिम न्यूनीकरणका लागि सबै सामुदायिक र संस्थागत विद्यालय दुई दिनका लागि बन्द गर्ने निर्णय गरेको छ । शैक्षिक प्रशासन महाशाखाको सूचनाअनुसार, भाद्र ८ र ९ गते (आइतबार र सोमबार) विद्यालयमा पठनपाठन स्थगित रहनेछ । हैजाको जीवाणु दूषित पानी र खानाबाट सर्ने भएकाले बालबालिका विशेष जोखिममा रहने भएकाले विद्यार्थी र शिक्षकलाई सुरक्षित राख्न यो कदम उठाइएको हो । महानगरपालिकाले




सबै नागरिकलाई संक्रमणबाट जोगिन विशेष सावधानी अपनाउन आग्रह गरेको छ । पानी उमालेर मात्र पिउन, शौचालय प्रयोगपछि साबुनपानीले हात धुने, सरसफाइमा ध्यान दिने र काँचो तरकारी राम्ररी धोएर मात्र खाने जस्ता उपायहरू अपनाउन निर्देशन दिइएको छ ।शैक्षिक प्रशासन महाशाखाले हैजा नियन्त्रणका लागि समुदायको सहयोग र सतर्कता आवश्यक रहेको जानकारी दिएको छ ।

## बहुदरमाईमा ५२ जनाले गरे रक्तदान

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

पर्सा जिल्ला, बहुदरमाई नगरपालिका वडा नं. ४ को डोकैला चोकमा बहुदरमाई युवा समाजले आयोजित रक्तदान कार्यक्रममा ५२ जनाले रक्तदान गरेका छन् । यसमध्ये एक जना महिलाले पनि रक्तदानमा सहभागिता जनाएकी छन् । रक्तदान कार्यक्रममा प्रमुख अतिथिका रूपमा प्रदेश सांसद श्याम पटेल, विशिष्ट अतिथिका रूपमा प्रहरी उपरीक्षक गौतम मिश्र र पूर्व नगर प्रमुख नितेन्द्र साह लगायत स्थानीय नागरिक उपस्थित थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि श्याम पटेलले रक्तदानलाई जीवनदानको रूपमा लिनुपर्ने जोड दिँदै भने, "रगतको अभावले कसैको जीवन जानुहुँदैन । यस्ता कार्यक्रमले समाजमा मानवीयता र एकताको सन्देश फैलाउँछ ।" आयोजक बहुदरमाई युवा समाजले रक्तदानमा सहभागिता जनाउने सबैलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

## बीरगंजमा लैंगिक उत्तरदायी र समावेशी शासन प्रवर्द्धन सम्बन्धी दुई दिने तालिम सम्पन्न

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

वीरगंजमा लैंगिक उत्तरदायी र समावेशी शासन प्रवर्द्धन सम्बन्धी दुई दिने तालिम सम्पन्न भएको छ । तालिम वीरगंज महानगरपालिका र पकहाँमैन गाउँपालिकाको संयोजनमा वीरगंजको होटल अन्नपूर्णमा आयोजित गरिएको थियो । तालिममा लक्षित वर्गका ४५ जनाको सहभागिता रहेको थियो । ४ र ५ साउनमा सम्पन्न तालिममा वीरगंज महानगरपालिकाका २३ जना सहभागी रहेका थिए भने ६ र ७ साउनमा संचालन भएको तालिममा पकहाँमैन गाउँपालिकाका २२ जनाको सहभागिता रहेको थियो । तालिम ओरेक नेपालले "सशक्त महिला, समृद्ध नेपाल" परियोजनाको क्रियाकलापलाई सहयोग गर्न यी दुवै पालिकाका नागरिक समाज र अधिकारकर्मीलाई अभिमुखीकरणका लागि दिएको हो । परियोजनाको साझेदार संस्था युएन वुमेनको सहयोगमा कार्यक्रम



सञ्चालित भएको आयोजक संस्थाले जनाएको छ ।तालिममा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित पारदर्शिता, अर्थपूर्ण सहभागिता, लैङ्गिक समानता, सामाजिक समावेशीकरण नीति, स्थानीय तहको योजना निर्माण प्रक्रिया र उत्तरदायित्व, सार्वजनिक सेवामा महिला तथा आमनागरिकको पहुँच अभिवृद्धि, र नागरिक समाजको पैरवीका सवालमा सहभागीहरूलाई अभिमुखीकरण गरिएको थियो ।
तालिममा सहभागिहरूलाई 'सशक्त महिला, समृद्ध नेपाल' परियोजना र सामाजिक उत्तरदायित्वका सवालमा अधिकारकर्मी तथा सहजकर्ता रीता साह र कृष्ण साहले सहजीकरण गरेका थिए । तालिम संयोजनमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) काठमाडौंका कार्यक्रम संयोजक कमला पोखरेल र मधेश प्रदेश संयोजक विणा सिंहको भूमिका रहेको थियो । उ तालिमको उदघाटन जिल्ला समन्वय समिति प्रमुख अजय साह सोनारले गरेका थिए । "सशक्त महिला, समृद्ध नेपाल" परियोजना यूरोपियन यूनियनको सहयोगमा

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्ज कुम्हालटोलमा २१ सदस्यीय दुर्गा पूजा समिति गठन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

आगामी दुर्गा पूजालाई भव्य र व्यवस्थित रूपमा मनाउने उद्देश्यले बीरगन्ज महानगरपालिका-५, कुम्हालटोलमा २१ सदस्यीय दुर्गा पूजा समिति गठन गरिएको छ ।

शनिबार वडा सदस्य मनोज साहको अध्यक्षतामा बसेको सर्वपक्षीय भेलाले ध्रुव पटेललाई दुर्गा पूजा समितिको अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । समितिका पदाधिकारीहरूमा वरिष्ठ उपाध्यक्षमा सुशिल कुमार वर्णवाल, उपाध्यक्षमा अमन पटेल, सचिवमा राजु साह, सह-सचिवमा दिपेश मुखिया, कोषाध्यक्षमा सुबोध कुमार र सह-कोषाध्यक्षमा प्रदीप मुखिया चयन भएका छन् ।

सल्लाहकारमा वडा नं. ५ का वडा अध्यक्ष प्रदीप कुमार चौरसिया, वडा सदस्य मनोज साह, रितेश प्रसाद वर्णवाल र लालबाबु पण्डित रहेका छन् । सदस्यहरूमा आकाश पटेल, सोनू मुखिया, अर्जुन मुखिया, महेश पटेल, राजेश साह, दिपेन्द्र महतो, सुनिल महतो, आकाश साह र रमेश पटेल रहेका छन् । समितिले यस वर्षको दुर्गा पूजामा सांस्कृतिक कार्यक्रम, आकर्षक झाँकी प्रदर्शन, भजन-कीर्तन र विसर्जन यात्रा लगायतका विविध कार्यक्रम भव्य रूपमा आयोजना गर्ने तयारी गरिरहेको जनाएको छ ।

समितिका अध्यक्ष ध्रुव पटेलले दुर्गा पूजालाई सफल, भव्य र सर्वसमावेशी बनाउन सबैसँग सहयोगको अपेक्षा राख्दै धार्मिक सद्भाव, एकता र सांस्कृतिक संरक्षण नै समितिको मूल उद्देश्य रहेको बताए ।

**मानव बेचबिखन अपराध हो ।**

❖मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
❖मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
❖कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
❖प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
❖वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।**

**त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०



# सम्पादकीय

## सडकले दिएको खुसी

देशका ७७ जिल्लामध्ये सबैभन्दा पछि सडक सञ्जालमा जोडिएको जिल्ला हो हुम्ला । गत असार २२ गते मात्र देशको सडक सञ्जालमा हुम्ला जोडियो । राष्ट्रिय गौरवको आयोजनाका रूपमा २०५६ सालमा शिलान्यास भएको कर्णाली कोरिडोर बन्न धेरै समय लाग्यो । यो सडक हुम्ला पहिल्यै पुगे पनि खार्पुनाथ गाउँपालिका-५ को च्वाखोला नदीमा पुल थिएन । स्थायी पुल तत्काल बन्न सक्ने अवस्था भएन । विकल्प बेलिब्रिज भयो । गत चैतबाट बन्न सुरु भएको बेलिब्रिज असारमा पूरा भयो । गत असार २२ गते सञ्चालनमा आयो । प्रधानमन्त्रीले उद्घाटन गर्नुभयो । हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएपछि यताका दिनमा हुम्लाको आर्थिक तथा सामाजिक जीवनमा परिवर्तन आउन थालेको छ । जनजीवन सहज हुँदै छ । आपूर्ति व्यवस्थामा व्यापक सुधार हुन थालेको छ । सडक सञ्जालकै कारण खाद्यान्न सस्तो भएको छ । हवाईजहाजबाट खाद्यान्नका बोरा खसाउनुपर्ने बाध्यता हटेको छ । निर्माण सामग्री सडकमार्गबाटै पुग्न थालेको छ । इन्धनको भाउ सस्तिएको छ । आवश्यक वस्तुको सहज उपलब्धताले आमनागरिकमा खुसी छाउन थालेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार हुम्ला जिल्लाको जनसङ्ख्या ५५ हजार ३९४ रहेको छ । सबै नागरिक जिल्लामै छैनन् । असुविधा, कामविशेष र रोजगारीले जिल्लाबाहिर पनि धेरै छन् । सडक सञ्जाल जोडिएपछि जिल्ला फर्कने अपेक्षा छ । हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएपछि सदरमुकाम सिमकोट मात्र होइन, जिल्लाभरि नै खुसी छाएको छ । यो खुसी छाउनुमा पनि खास कारण छ । जिल्लाका सबै गाउँपालिकामा सडक सञ्जाल विस्तारित छ । बेलिब्रिज बनेपछि औपचारिक रूपमै सबै पालिका सडक सञ्जालमा जोडिए । साँच्ची नै लामो समयको सडक सपना पूरा भएको छ । दक्षिणतर्फ नेपाल-भारत सीमाको नेपालगन्ज-जमुनाहादेखि उत्तरतर्फ हिल्सा हुँदै चीनतर्फको नाका जोड्ने यो सडक सञ्जालले हुम्लाको मुहार फेर्दै छ । सडक कोरिडोरको लम्बाइ नै ६८२ किलोमिटर छ । सडक सञ्जाल जोडिएपछि नेपालगन्जबाट धेरै दिन टिकट कुरेर सिमकोटमा जहाजबाट ओर्लनुपर्ने बाध्यता हटेको छ । सिमकोटमा यात्रुवाहक बस चल्न थालेको छ । बसका साथै ढुवानीको साधन ट्रक चल्न थालेको छ । ट्रकका कारण आपूर्ति व्यवस्थामा व्यापक सुधार आउन थालेको छ । वस्तुको मूल्य सस्तिएको छ । विकासनिर्माणका सामानमा त ठुलो परिवर्तन आएको छ । पहिले प्रतिबोरा साढे आठ हजार रुपियाँ पर्ने सिमेन्ट अहिले प्रतिबोरा दुई हजार रुपियाँमा झरेको छ । त्यसै गरी पहिले प्रतिकेजी २८० रुपियाँ पर्ने फलामे डन्डी हाल १२२ रुपियाँमा पाइन थालेको छ । पहिले एक बन्डलको २२ हजार रुपियाँ पर्ने जस्तापाता हाल १३ हजार पाँच सय रुपियाँमा झरेको छ । सडक विकासको मूल आधार नै हो । हरेक वस्तुको मूल्य सस्तो हुन थालेपछि स्थानीयवासीमा खुसी छाउनु स्वाभाविक हो । दैनिक उपभोग्य सामान पनि पहिलेको भन्दा धेरै सस्तो भएको छ । खाने तेलको मूल्य प्रतिलिटर ६० रुपियाँसम्म सस्तो भएको छ । खाद्यान्न सस्तो हुँदा अब चामलका निम्ति सरकारी संस्थाको मात्र मुख ताक्नु नपर्ने भएको छ । ढुवानी दरमा आएको परिवर्तनका कारण बजार प्रतिस्पर्धात्मक हुँदै छ । कालोबजारीको सम्भावना न्यून हुँदै गएको छ । पहिले हवाईमार्गबाट ढुवानी हुँदा ढुवानी भाडा बढी पर्ने र कालोबजारीसमेत थियो । खाना पकाउने ग्यासको मूल्यमा ठुलो फेरबदल भएको छ । अझ भनौँ धेरै सस्तिएको छ । नयाँ सिलिन्डर चार हजार पाँच सय र भरेको ग्यासको सिलिन्डर साट्दा प्रतिसिलिन्डर दुई हजार सात सय रुपियाँमा पाइन थालेको छ । एक वर्षअघिसम्म नयाँ सिलिन्डरको सात हजार र भरेको पाँच हजार रुपियाँ तिरेका हुम्लावासीलाई मूल्यमा आएको सहजताले सडकको गहन महत्व बुझाउन थालेको छ । त्यस्तै पेट्रोलियम पदार्थको मूल्यमा पनि कमी आएको छ । डिजेल प्रतिलिटर चार सय रुपियाँ पर्ने गरेकोमा हाल प्रतिलिटर १६५ रुपियाँ पर्छ । पेट्रोल प्रतिलिटर पहिले पाँच सय पर्ने गरेकोमा हाल प्रतिलिटर २५० रुपियाँ पर्ने गरेको छ ।

# पुष्पलाल बन्ने कि रायमाझी ?

**सोभियत ढकाल**



१८ वर्ष निर्वासित जीवन बिताउने कम्युनिस्ट पार्टीको संस्थापक महासचिव क. पुष्पलालको स्मृति दिवस विभिन्न कार्यक्रमका साथ देशभरि मनाइयो । सिद्धान्तअनुसारको भौतिक स्थिति होइन, भौतिक स्थितिअनुसारको सिद्धान्त खोज्नुपर्छ, सिद्धान्त संगठन र संघर्ष आमूल परिवर्तनका कडी हुन्, जनता चेतनशील हुनुपर्छ, कार्यकर्ता संगठित हुनुपर्छ, परिवर्तन अवश्यम्भावी छ, यसलाई दुनियाँको कुनै तागतले रोक्न सक्दैन भन्ने पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलनको एक खम्बा हुन् । इतिहासको स्मरण वर्तमानलाई गतिशील बनाउन गरिन्छ । नेपालको कम्युनिस्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनमा पुष्पलालको योगदान विशिष्ट छ । कम्युनिस्ट हृदय विशाल हुनुपर्छ, इमानदार र सक्रिय हुनुपर्छ । जनताको हितलाई आफ्नो ज्यानभन्दा प्यारो सम्झनु पर्दछ । व्यक्तिगत हितलाई क्रान्तिको हितको अधीनमा राख्नु पर्दछ । सही सिद्धान्तमा अडिग रहनु पर्दछ, गलत चिन्तन र विचारको विरोधमा अथक संघर्ष चलाउनुपर्दछ भन्ने पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलनको साझा सम्पत्ति हुन् । जीवन जगत् र दर्शनको अध्ययन गर्ने, सधैँ सत्यको पक्षमा उभिने सबैभन्दा दूरदर्शी, त्यागी, अध्ययनशील, ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सक्ने आन्दोलनमा दृढसंकल्पित वर्गीय पक्षधरता अंगीकार गर्ने, लेनिनवादी संगठनात्मक सिद्धान्त र जनवादी केन्द्रीयतालाई आदर्श मान्ने पुष्पलाल कम्युनिस्ट आन्दोलनको सगरमाथा हो । कम्युनिस्ट पार्टीमा जनवादी केन्द्रीयता लागू हुन सकेन भने पार्टी जीवनमा नै बेथिति देखा पर्दछ । जनवाद र केन्द्रीयता पार्टी संगठनका दुई पहल हुन्, जुन जहिले पनि सन्तुलित हुन आवश्यक छ । अनुशासनविनाको स्वतन्त्रता स्वेच्छाचारी हुन्छ, स्वतन्त्रताविनाको अनुशासन निरंकुश हुन्छ । यी दुई तराजुका दुई पल्ला हमेसा बराबर र सन्तुलित हुनुपर्छ भन्ने मान्यतालाई स्थापित गर्न पुष्पलालले कम्युनिस्ट पार्टीभित्र लेनिनवादी संगठनात्मक पद्धति जनवादी केन्द्रीयताको सिद्धान्तलाई स्थापित गरे । पार्टीभित्र छद्मभेषी तत्वहरूको घूसपैठ हुन लागेपछि नेपालको कम्युनिस्ट आन्दोलनभित्रका दाहिने वा देब्रे भड्कावविरुद्ध सम्झौतारहित अन्तरपार्टी संघर्ष चलाए भने बाहिर निरंकुशता अन्त्यको अभियान चलाए । इतिहासको भौतिकवादी नियमअनुसार सत्यलाई एक-दुई दिन महिना वा वर्ष ढाक्न सकिन्छ तर आखिरी सत्य सत्य नै हुन्छ । मार्क्सवादी गतिशील विज्ञान हो, यो आफ्नो देशकाल परिस्थिति सामाजिक बनोट, भूबनोट आदिको विश्लेषण गरेर लागु हुन्छ । यही कुरालाई पुष्पलालले प्रयोग गर्न खोजे । यसरी प्रयोग गर्दा उनलाई कम्युनिस्ट आन्दोलनभित्र कहिले कांग्रेसपरस्त र कहिले भारतपरस्तजस्ता आरोप लागे । वास्तवमा उनी न आतंककारी, न कांग्रेसपरस्त, न भारतपरस्त नै थिए । उनीमाथिको आरोप लगाउने उग्रवामपन्थी तथा दक्षिणपन्थी धार पराजित भई हिजोआज पुष्पलालको गुणगान गाउँछन् र स्मृति दिवस मनाउँछन् । राजनीतिमा स्थायी रूपमा कुनै पनि शक्ति सधैँभरि मित्र वा दुश्मन हुन सक्दैन । आजको मित्रशक्ति भोलिको दुश्मन हुन सक्छ । यो सबै देशको परिस्थितिमा भर पर्ने कुरा हुन् । राजनीतिक परिस्थितिमा परिवर्तन आउनासाथै विभिन्न वर्ग तथा वर्गस्तरको आपसी सम्बन्धमा परिवर्तन देखिन थाल्छ भन्थे पुष्पलाल । जसरी कम्युनिस्ट आन्दोलनभित्रका गद्दार केशरजंग रायमाझीले सामन्तवादको विरोधमा उठेको आन्दोलनको बेगलाई कम गर्न २०१७ सालको काण्डपछि शाही गुप्तचरका रूपमा काम गरे र विभिन्न थरिका भ्रम फैलाई कम्युनिस्ट आन्दोलनलाई टुक्र्याई शाही पञ्चायती व्यवस्थाको पक्षमा लान चाहे, त्यसका विरुद्धमा संघर्ष गर्दै र अनेकौं जालझेल र षड्यन्त्रलाई चिर्दै कथित भ्रमपूर्ण झूटा प्रचारको खण्डन गर्दै कम्युनिस्ट पार्टीलाई जीवन्त बनाउने काम पुष्पलालले गरे ।

कम्युनिस्टहरू श्रम गर्ने, पसिना चुहाउने र जनताकै पक्षमा आवाज बुलन्द गर्ने हुनाले प्रतिक्रियावादी गद्दारहरूले कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउन साम, दाम, दण्ड, भेद अपनाउनु स्वाभाविकै थियो । शोषित, पीडित जनताका अगाडि आफ्नो विश्वासघाती काममा पर्दा हाल्न र शोषकहरूको दलाली गरी विश्वासपात्र बन्न त्यति बेला तेस्रो बाटोको जाली नारा उठाएका थिए रायमाझीले । तर तेस्रो बाटो हुन सक्दैन, बाटोको बीचको नीति हुन सक्दैन, आफ्नो विश्वासघाती अनुहारलाई ढाक्न र प्रतिक्रियावादीसँगको आफ्नो मेलमिलाप र साँठगाँठलाई लुकाउन तेस्रो बाटोको नारा लगाएका मात्र हुन् भन्दै त्यसको भण्डाफोर गर्दै कम्युनिस्ट आन्दोलनलाई बचाउन पुष्पलालले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । पार्टीको आन्तरिक जीवनक्रियामा विकृति देखा परेपछि स्वाभाविक रूपमा व्यक्तिको दिमागमा पनि खिया लाग्छ । त्यसको असर पार्टीमा पर्दछ । पुष्पलालका भनाइमा, 'नदीले अक्सर आफ्नो धार बदल्छ कसरी ? यसको मुख्य कारण के हो ? यसको मुख्य कारण नदीसँग नै पाइन्छ । त्यो हो नदीले बगाउँदै ल्याएको माटो प्रतिदिन अलिअलि निकासमा जम्मा हुँदा निकासको सतह नदीको सतहभन्दा अग्लो हुन्छ अनि नदीलाई आफ्नो धार बदल्न कर लाग्छ ।' त्यसरी नै कम्युनिस्ट पार्टीमा पनि कुनै अमुक व्यक्तिलाई पहिचान नगर्ने हो भने गद्दारी गर्दै जाने केशरजंग रायमाझीहरू नजन्मेलान् भन्न सकिन्न । कम्युनिस्ट पार्टी

बाँकी तेश्रो पृष्ठमा⇨

# नयाँ दलहरूको मध्यावधि समीक्षा

**बीपी साह**

नेपालीभाषी बाहुल्य भएको, टेलिभिजन र इन्टरनेटको प्रभाव रहेको सहरिया क्षेत्रबाट स्वतन्त्र शब्दको पनि उपयोग गरेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय भयो । मधेशीभाषी बाहुल्य भएको ग्रामीण क्षेत्रबाट जनमत पार्टी र थारूभाषी बाहुल्य भएको क्षेत्रबाट नागरिक उन्मुक्ति पार्टीले संसद् भवनमा प्रवेश पाए । यी तीनवटै दलको उत्पत्तिको प्रकृति र मागमुद्दा फरक थिए । तर, तीनवटै दलका मतदातामा विकल्पको खोजी, सुशासन, गुणस्तरीय सेवा, राजनीतिक सुधार र भविष्य राम्रो हुने आशा थियो । ०७९ को चुनावपछिको मध्यावधिसम्म आउँदा यी दल र व्यक्तिले जनतामा आशालाई जगाइराख्न सकेका छन् त ? यिनीहरूले मुद्दागत, जनचाहना र आवश्यकताअनुसार गर्दै छन् त ? यी र यस्ता कैयौं प्रश्न उब्जिन थालेका छन् । नयाँ राजनीतिक पार्टीको उदयलाई प्रचलित राजनीतिक संरचनाको असफलता वा कमजोरीप्रतिको प्रतिक्रियाका रूपमा हेर्ने चलन छ । लोकतन्त्रमा यसले नागरिकलाई शासन, प्रतिनिधित्व र न्यायको वैकल्पिक दृष्टिकोण राख्ने अधिकारको प्रतिनिधित्व गरेको अनुभूत गराउँछ । तर कुनै पनि नयाँ पार्टीको सफलता वा असफलता केवल यसको नवीनतामा मात्र निर्भर हुँदैन । माओवादी संघर्ष, मधेश आन्दोलन र अन्य पहिचान पक्षधरको आन्दोलनपश्चात् पहिलो संविधानसभाको निर्वाचनबाट २५ दलले संविधानसभामा प्रवेश पाएका थिए तर दोस्रो संविधानसभाको निर्वाचनसम्म पुग्दा धेरै दलको अवस्था खस्किएको थियो । यसैगरी विवेकशील दल र साझा पार्टीजस्ता दल उदय भएर सकिने अवस्थामा पुगे । नेपालको पहिलो राजनीतिक दल नेपाल प्रजा परिषद् इतिहासमा मात्र बाँकी छ । कहीँकतै २०७९ को निर्वाचनपछि जन्मिएका दलहरू पनि पतनतिर गइरहेका त छैनन् ? भ्रष्टाचार, अक्षमता र पुराना दलहरूको निष्क्रियताविरुद्धको जनआक्रोशलाई उपयोग गर्दै रास्वपाले निर्वाचन जित्यो । सामाजिक सञ्जालमा प्रभावशाली उपस्थिति, सहरी युवाहरू, पहिलो पटकका मतदाता र विदेशमा रहेका नेपालीमाझ आकर्षण थियो । सुशासन, पारदर्शिता र दक्षतामाथि जोड दिएको रास्वपा वैचारिक अस्पष्टता, व्यक्तिवादी नेतृत्वमा निर्भरतामा फसेको छ । संस्थागत कमजोरीको आलोचना सहन नसक्नु र पार्टीलाई वैचारिक दिशा नदिएर व्यक्तिमा केन्द्रित हुँदै जानुले यस दललाई पनि यथास्थितिवादी शक्तिको नयाँ संस्करण बन्नेतिर लगेको छ । मधेशका उपेक्षित आवाजको प्रतिनिधित्व गर्ने दलका रूपमा स्थापित भएको जनमत पार्टी मधेशी पहिचान, अधिकार र विकासको पक्षमा आवाज उठाउने नयाँ राजनीतिक शक्ति बनेको छ । पृथकतावादी विचार लिएर संघर्ष गर्दै मूलधारको लोकतान्त्रिक प्रक्रियामा आएको यो पार्टीको यात्रा चुनौतीपूर्ण छ । भूगोल र समुदाय विशेषको प्रतिनिधित्व गर्ने भएकाले तीव्र क्षेत्रीय प्रतिस्पर्धाको सामना गर्नुपर्नेछ । कार्यकर्ता र समर्थकमाझका उग्र अपेक्षाको सन्तुलन कायम गर्नुपर्नेछ । काठमाडौं पसेपछि नेतृत्वमा क्षेत्रीय नेताको रूपमा लाग्ने ट्यागबाट भाग्न कथित राष्ट्रिय नेता बन्ने भोकलाई पछ्याउन सक्नु ठूलो चुनौती हो । टीकापुर घटनापछि जेल परेका रेशम चौधरीलाई उन्मुक्ति दिलाउन गठन भएको नागरिक उन्मुक्ति पार्टीले थारू समुदाय र राज्यद्वारा गरिएका अन्यायविरुद्ध आवाज उठाउने कार्य गरेको छ । नेतृत्व अत्यधिक व्यक्तिनिष्ठ र सीमित एजेन्डामा केन्द्रित देखिएको छ भने एक मात्र मुद्दा-आधारित पार्टी रहेकाले यसको चुनौती पनि ठूलै छ । आन्दोलनबाट शासनमा रूपान्तरणको चुनौती छ भने पार्टीभित्रको आन्तरिक कलह व्यवस्थापन महत्त्वपूर्ण छ । यो पार्टीको भविष्य अरू उपेक्षित समुदायको आवाज पनि उठाउन सक्नेछ र फराकिलो दृष्टिकोण विकास गर्न सक्नेछ वा छैन भन्नेमा निर्भर छ । रास्वपा, जनमत र नागरिक उन्मुक्ति पार्टीले परिवर्तन, न्याय र समावेशिताको जनआकांक्षा बोकेका छन् । यिनीहरूले पुराना दलद्वारा खाली गरिएका ठाउँ भरेका छन् र लोकतन्त्रमा नयाँ आशा पैदा गरेका छन् । तर, यिनीहरूको परीक्षण सुरु भइसकेकाले शासन, नीति र राजनीतिक परिपक्वताको खोजी भने अवश्य गरिएको छ । लोकतन्त्रमा ताजगी मात्र होइन, परिणाम पनि चाहिन्छ । यी तीनवटै दलमा यतिछिट्टै विकृतिले डेरा जमाइसकेको छ । नेपालका नयाँ दलसँग भारतको आमआदमी पार्टी (आप)सँग तुलनात्मक अध्ययन गरेर हेरौं । गठन प्रक्रिया, एजेन्डा र प्रवृत्ति आप र नेपालका पार्टीहरूको पनि मिल्दोजुल्दो छ । आपकै बारेमा आपका पूर्वनेता मायंक गान्धी र श्रेय साहको पुस्तक 'आप एन्ड डाउन' मा पार्टीको समीक्षा गरिएको छ । पुस्तकमा आपको पतनतिर जाँदै गर्नुको कारण र प्रवृत्ति केलाइएको छ । भ्रष्टाचारविरुद्धको आन्दोलनबाट सुरु भएको आप पारदर्शिता र सामूहिक निर्णयको आदर्श बोकेको भए पनि अध्यक्ष अरविन्द केजरीवालले पार्टीलाई एउटा केन्द्रीकृत, समूह-नियन्त्रित संस्थामा परिणत गरे, जहाँ असहमतिको कुनै स्थान थिएन । केजरीवालको प्रवृत्ति नेपालका नयाँ दलमा पनि देखिन थालेको छ । रास्वपाका संस्थापक महामन्त्री संगठनको अवस्था र नेतृत्वको आलोचना गर्दा पार्टीबाट निकालिए । जनमतमा पनि संस्थापक पदाधिकारीमाथि कारबाहीको डन्डा चलेको छ । नागरिक उन्मुक्तिका संस्थापक नेताहरू लक्ष्मण थारू र सुरेन्द्र चौधरीहरू त किनारा नै लगाइएका छन् । केजरीवालको भनाइ उद्धृत गर्दै गान्धी लेख्छन्, ' मलाई पार्टीमा बुद्धिजीवी होइन, '

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## वर्षौंपछि पाकिस्तानका परराष्ट्रमन्त्रीको बंगलादेश भ्रमण

***काठमाडौं,०७ भदौ ।***

पाकिस्तानका परराष्ट्रमन्त्री इसहाक डार शनिबार बंगलादेशको भ्रमणमा गएका छन् । सन् १९७१ मा पृथक भएका दुई राष्ट्रबीच सम्बन्ध सुधार्ने प्रयासस्वरूप भएको यो भ्रमण विगत दशकमा उच्चस्तरीय पहिलो भेटवार्ता हो । इस्लामाबादले यस भ्रमणलाई ‘पाकिस्तान-बंगलादेश सम्बन्धमा एक महत्त्वपूर्ण उपलब्धि’ भएको बताएको छ । डार सन् २०१२ पछि बंगलादेश भ्रमण गर्ने सबैभन्दा वरिष्ठ पाकिस्तानी अधिकारी हुन् । दुई देशबीच व्यापार लगायत विभिन्न क्षेत्रहरूमा समझदारीपत्रमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ । पाकिस्तानको परराष्ट्र मन्त्रालयका अनुसार परराष्ट्रमन्त्री डारले बंगलादेशका वर्तमान कार्यवाहक नेता, नोबेल शान्ति पुरस्कार विजेता डा. मोहम्मद युनुससँग भेटवार्ता गर्नेछन् । यस्तो पृष्ठभूमिमा छिमेकी राष्ट्र भारतले यस भ्रमणलाई विशेष ध्यानका साथ हेरिरहेको विश्लेषकहरूले बताएका छन् । गत वर्षको मे महिनामा भारत र पाकिस्तानबीच छोटो अवधिको सशस्त्र संघर्ष भएको थियो । साथै, सन् २०२४ को जुलाई महिनामा बंगलादेशमा भएको व्यापक जनआन्दोलनले प्रधानमन्त्री शेख हसिनाको शासन अन्त्य भएसँगै उनी भारततर्फ प्रस्थान गरेपछि, ढाका-नयाँ दिल्ली सम्बन्धमा चिसोपन देखिएको हो । “बंगलादेश अतीतमा भारतको सबैभन्दा नजिकको साझेदार रहँदै आएको थियो, तर अहिले भारतको मुख्य प्रतिद्वन्द्वी मुलुकसँग सुमधुर सम्बन्ध बनाउने प्रयासमा रहेको देखिन्छ,” अमेरिकी विश्लेषक माइकल कुगेलम्यानले बताए ।



पाकिस्तान र बंगलादेशले विगत वर्ष समुद्री मार्ग हुँदै व्यापार प्रारम्भ गरेका थिए । यस वर्षको मार्च सरकारी तहमा व्यापार विस्तार सम्बन्धी सम्झौता गरिएको थियो । पाकिस्तानका वाणिज्यमन्त्री जाम कमाल खान हालै ढाका पुगेका थिए, जहाँ उनले बंगलादेशी अधिकारीहरूसँग व्यापार र लगानी प्रवर्द्धनका लागि संयुक्त आयोग गठन गर्ने सहमति जनाए ।

त्यसैगरी, शुक्रबार दुवै मुलुकका उच्च सैनिक अधिकारीहरूबीच पाकिस्तानमा भेटवार्ता सम्पन्न भएको थियो । सन् १९७१ मा पूर्वी पाकिस्तान अलग भई बंगलादेशको स्थापना भएपछि, ती दुवै देशबीचको सम्बन्ध निकै संवेदनशील रहँदै आएको छ । सो युद्धको क्रममा पाकिस्तानी सेनामाथि व्यापक हिंसा र अत्याचारको आरोप लाग्दै आएको छ । बंगलादेशका अनुसार लाखौं नागरिकले ज्यान गुमाएका थिए । धेरै नागरिकहरूले आज पनि पाकिस्तानबाट औपचारिक माफीको अपेक्षा राखेका छन् । स्वतन्त्रतापछि बंगलादेशले भारतसँग नजिकको सम्बन्ध राख्दै आएको थियो । भारतले चारैतिरबाट घेरेको बंगलादेश हाल झण्डै १७ करोड जनसंख्या भएको मुलुक हो । तर वर्तमानमा कार्यरत अन्तरिम सरकारले भारतको भूमिमा पूर्व प्रधानमन्त्री शेख हसिनालाई संरक्षण दिइएकोप्रति असन्तुष्टि जनाउँदै आएको छ ।

हसिनामाथि मानवता विरोधी अपराधको आरोपमा मुद्दा चलिरहेको भए पनि उनी अदालतमा हाजिर हुन अस्वीकार गर्दै भारतमै बसेकी छिन् । “शेख हसिनाको सत्ताच्युत हुनु भारतका लागि रणनीतिक दृष्टिले ठूलो धक्का थियो । यसपछि पाकिस्तान-बंगलादेश सम्बन्धमा देखिएको सुधार त्यसको प्रत्यक्ष परिणाम हो,” अन्तर्राष्ट्रिय संकट समूहका विश्लेषक थोमस कीनले भने । हालै ढाकाले भारतमाथि निषेधित घोषित अवामी लिग पार्टीलाई समर्थन गरेको आरोप लगाएको थियो । भारतले भने यस्तो आरोप अस्वीकार गर्दै आफ्नो भूमिबाट अरू देशविरुद्ध राजनीतिक गतिविधि हुन नदिने स्पष्ट पारेको छ ।

## न्यूयोर्कमा पर्यटक बस दुर्घटना हुँदा पाँच जनाको मृत्यु

***काठमाडौं,०७ भदौ ।***

न्यूयोर्क राज्यको एक राजमार्गमा शुक्रबार पर्यटक बोकेको बस दुर्घटना हुँदा पाँच यात्रुको ज्यान गएको छ । चालकको ध्यान भंग भई नियन्त्रण गुमाउँदा बस दुर्घटनामा परेको प्रहरीको भनाइ छ । दुर्घटना बफेलो शहरबाट करिब ४० किलोमिटर पूर्वमा पेमब्रोक नजिकै भएको हो । पर्यटकहरू नियाग्रा जलप्रपातको भ्रमण सकेर न्यूयोर्क सहर फर्कदै थिए । प्रहरीका अनुसार, बसमा रहेका यात्रुहरू भारत, चीन र फिलिपिन्स मूलका थिए ।

“चालकको ध्यान केही समयका लागि अन्यत्र गएको, त्यसपछि गाडीको सन्तुलन गुमेको र सुधार गर्ने प्रयासमा गाडी झनै अनियन्त्रित भएर दुर्घटना भएको देखिन्छ,” न्यूयोर्क राज्यका प्रहरी प्रमुख आन्द्रे रेले घटनास्थलमा जानकारी दिए । बसमा ५४ जना सवार थिए । प्रारम्भिक विवरणमा बालबालिकाको मृत्यु भएको भनिए पनि पछि त्यसको पुष्टि भएको छैन । बालबालिकाको ज्यान गएको छैन । छ जना चिनियाँ नागरिक पनि बसमा सवार थिए ।

पाँच जनालाई सामान्य चोट लागेर उपचारपछि घर पठाइएको छ भने एक जना अझै उपचारमा छन् । बसले सोही दिन सीमामा रहेको नियाग्रा जलप्रपातको यात्रा गरेर फर्कने क्रममा दुर्घटना भएको हो ।

## दुई साताभित्र रुस-युक्रेनबीच युद्धविराम नभए अमेरिका ठूलो निर्णय लिन बाध्य

***काठमाडौं,०७ भदौ ।***

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदि आगामी दुई साताभित्र युक्रेन युद्धमा शान्तिपूर्ण समाधानको दिशामा कुनै ठोस प्रगति देखिएन भने रुसविरुद्ध कडा प्रतिबन्ध या ट्यारिफ लगाउने निर्णय गर्ने चेतावनी दिएका छन् । १५ अगष्टमा अलास्कामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भएको भेटको एक सातापछि ट्रम्पको यस्तो धम्की आएको हो । व्हाइट हाउसमा पत्रकारहरुसँग कुरा गर्दै उनले भने, ‘म एक निकै महत्त्वपूर्ण निर्णय लिन गइरहेको छ । चाहे ठूलो मात्रामा प्रतिबन्ध या ट्यारिफ दुवै हुनसक्छ । या त हामी यो पनि भन्न सक्छौं यो अमेरिकाको लडाइँ होइन, तिमीहरुकै हो ।’ उनले युक्रेनमा हालै एक अमेरिकी कारखानामा भएको रुसी आक्रमणबारे आक्रोश व्यक्त गरेका छन् । उक्त आक्रमणबाट कारखानामा आगो लाग्नुका साथै दुई कर्मचारी घाइतेसमेत भएका थिए । उनले भने, ‘यसबाट म खुसी छैन ।’ ओभल अफिसमा पत्रकारसँग कुरा गर्दै उनले भने, ‘रुस-युक्रेन युद्धमा जे-जे भइरहेको छ । त्यसबाट म प्रश्न छैन । आगामी दुई सातामा यो युद्ध कता जानेछ भन्ने स्पष्ट हुनेछ ।’


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा


### पुष्पलाल बन्ने कि राय.......

केन्द्रीय नेतृत्व पार्टीको मुटु हो, त्यो सही ढंगबाट अगाडि बढेमा पार्टी सही दिशातिर गतिशील भई अगाडि बढ्छ, दम्भ र अहंकार प्रदर्शन गर्ने, पूर्वाग्रह साँचिराख्ने र कसैलाई काखा कसैलाई पाखा गर्ने व्यवहारलाई पुष्पलाल सामन्ती चरित्र हो भन्थे ।

एउटाको परिश्रमले मात्र यो पार्टी बनेको होइन, सबैको त्याग, समर्पण र बलिदानले पार्टी यो अवस्थासम्म आइपुगेको हो । पुँजीवादी प्रतियोगितामा बलियाले कमजोरलाई मास्ने कुरा हुन्छ भने समाजवादी प्रतियोगितामा कमजोरलाई पनि बलियो बनाएर सबैलाई उठाउन सक्नुपर्दछ । हामी मार्क्सवादी-लेनिनवादी हौँ ।

हामी वैज्ञानिक भौतिकवादी हौँ । हाम्रो काम नै सत्यको ठहरमा पुग्नु हो । सत्यबाट डराउँदैनौं परन्तु हामी हमेसा सत्यको खोजीमा छौं । साभार ईकान्तिपुर ।

### नयाँ दलहरूको..................

भारत माता की जय’ भन्नेहरू चाहिन्छ ।’ हो, यस्तै प्रवृत्ति नेपालका नयाँ दलमा पनि मौलाएको छ । नयाँ दलको नेतृत्वले पनि विचार र आदर्शको चर्चा गर्नेभन्दा पार्टी शीर्ष नेतृत्वको ‘जय’ भन्नेलाई मात्रै रुचाएको छ । यिनीहरूले पनि आफूले पाएको मत, मतदाता समूह, मतदाताको चाहना र आफ्नो जनाधार क्षेत्रमा नमुना कार्य गरेर बलियो बन्नुभन्दा शक्तिको भोकमा भौंतारिनतिरै लागेको देखिन्छ । आप पनि परम्परागत राजनीतिकजस्तै भ्रष्टाचार, जातीयता, धार्मिक ध्रुवकवीकरण र खोक्रा भाषणमा फस्यो । आपका कार्यकर्ता विकास होइन, आन्दोलन र अवरोधका लागि भर्ती गरिन्थे, गान्धीको भनाइमा ‘ हामी टकरावका माहिर थियौं, प्रणाली निर्माणकर्ता होइन ।’ यसरी नै रास्वपाले पनि सभापति लामिछाने सहकारी प्रकरणमा मुछिँदा आफ्ना कार्यकर्तालाई टकराव र आरोपप्रत्यारोपमा उतारेको छ । जनमतमा आफ्नै नेताविरुद्धमा कार्यकर्ताबाट आक्रमण भएको छ । कार्यकर्तालाई संस्थागत विकास र दीर्घकालीन प्रभावका कार्यमा लगाउनुभन्दा पार्टी नेतृत्वको रक्षामा लठैत खडा गर्न तम्सिएकाले यी पार्टीको संस्थागत विकास र आन्दोलन रोकिएको छ । नेपालमा उदाएका यी तीन दलले राजनीतिक चरित्रको व्यवहार देखाउनुभन्दा व्यावसायिक कार्यालयजस्तो पार्टी सञ्चालन गरेको देखिन्छ । यी दलमा देखिएको अर्को विकृति भनेको भिक्टिम कार्डको बारम्बार प्रयोग पनि हो । साभार ईकान्तिपुर ।

### बीरगञ्जमा हैजा .................

बिरामीको चाप बढ्दै गएको छ । शनिबारसम्म झाडापखालाकै कारण तीन जनाको मृत्यु भएको खबर आए पनि ती मृत्यु हैजाकै कारण भएको वा नभएको पुष्टि हुन बाँकी छ ।

स्वास्थ्य विशेषज्ञहरूले दूषित पानी र खाना सेवनलाई संक्रमण फैलिनुको मुख्य कारण ठहर गर्दै सरसफाइमा विशेष ध्यान दिन आग्रह गरेका छन् । महानगरले पनि पानीमा क्लोरिन हाल्न, उमालेर मात्र खाने, र सफा खानेपानी प्रयोग गर्न नागरिकलाई आह्वान गरेको छ। स्वास्थ्यकर्मीहरूले घर-घरमै पुगेर हात धुने बानी, व्यक्तिगत सरसफाइ र सुरक्षित खानेपानी प्रयोगबारे जनचेतना फैलाइरहेका छन् ।

### हैजा नियन्त्रणमा.................

टोली खटाइएको जानकारी दिए । “टोलीले अहिले पानी परीक्षणसँगै जनचेतना फैलाउने कार्य पनि सुरु गरिसकेको छ,” श्रेष्ठले बताए । सरकारले संक्रमणलाई नियन्त्रणमा लिन शुद्ध पानीको आपूर्ति, सरसफाइ सुधार र प्रभावकारी अनुगमनलाई प्राथमिकता दिएको जनाएको छ ।

### बीरगञ्जमा लैंगिक............

सञ्चालन भइरहेको छ । यस परियोजनामा संयुक्त राष्ट्र संघका चार निकाय–यूनिसेफ, यूएनएफपीए, युएन वुमेन र आईएलओ–सहित स्थानीय तहसँग साझेदारीमा विभिन्न प्रदेश र पालिकाहरूमा कार्यक्रम सञ्चालन भइरहेको छ । तालिममा महिला अधिकारकर्मी, सामाजिक संस्थाका प्रतिनिधि, बालबालिका, अल्पसंख्यक समुदायका सदस्य, लक्षित समूह, फरक क्षमताका व्यक्ति, यौनजन्य श्रमिक महिला र पुरुषहरूले सहभागिता जनाएका थिए । तालिमले स्थानीय तहमा लैंगिक समानता, समावेशी शासन र नागरिक पहुँच अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### ७ वर्षीया बालिकाको...........

व्यक्त गरेका छन् र बालिकाको शीघ्र स्वास्थ्यलाभको शुभकामना दिएका छन् ।

### नेपाल जनता पार्टी..............

हिन्दू राष्ट्रका लागि काम गर्ने जो कोहीलाई कसैले रोक्न खोज्यो भने, त्यसलाई हामी तह लगाउने छौं ।” कार्यक्रममा नेजपाका केन्द्रीय सदस्य अधिवक्ता विनोद कुर्मी, पर्सा जिल्ला अध्यक्ष अनिल कुर्मी, महामन्त्री नवीन मिश्र, कोषाध्यक्ष राजेश साह कलवार, सह-कोषाध्यक्ष सन्तोष कुशवाहा, जिल्ला कार्य समिति सदस्य सुमन्त कुमार दीप, मुना साह तेली, श्रीदेवी साह, बहुदरमाई नगर समितिका मन्त्री धर्मेन्द्र साह, नगर सदस्य कृष्णा साह, शिवजी कलवार लगायतका स्थानीय हिन्दूवादी अगुवाहरूको उपस्थिति थियो । यस अवसरमा बहुदरमाई नगरपालिकामा युवा मोर्चा, महिला मोर्चा र विद्यार्थी परिषद गठन गर्नेबारे विस्तृत छलफल भएको र आगामी कार्यक्रमको रूपरेखा तय गरिएको जानकारी नेजपाले दिएको छ ।


नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्


# स्वास्थ्य

## महिनावारी नजिकिँदा किन दुख्छ तल्लो ढाड ?




महिनावारीको मिति नजिकिँदा धेरै महिलाहरूले एकै किसिमको गुनासो गर्छन्-‘तल्लो ढाड दुखेर बस्न उठ्नै गाह्रो हुन्छ ।’ यो समस्या महिनावारीको समय नजिकिँदा मात्र होइन । महिनावारी हुँदा पनि देखिन सक्छ । यस्तोमा प्रश्न उठ्छ, ‘महिनावारी आउनै लाग्दा र महिनावारी हुँदा शरीरको यो भाग किन दुख्छ ? के सधैं यस्तो पीडा सहेर बस्नुपर्ने हो ? यसको कुनै उपचार छैन ? **किन दुख्छ ?** महिनावारी सुरु हुनुभन्दा केही दिनअघि महिलाको शरीरमा ‘प्रोस्टाग्लान्डिन’ नामक रसायनको उत्पादन बढ्छ । यो रसायनले पाठेघरको मांसपेशी खुम्चाउन मद्दत गर्छ, जुन गर्भाशय भित्रको रक्तस्राव बाहिर निकाल्न आवश्यक हुन्छ । तर, यही प्रोस्टाग्लान्डिनको मात्रा धेरै भएमा यो मांसपेशीहरू अत्यधिक खुम्चिन्छ, जसले पेटसँगै तल्लो ढाड र जाँघतिर चिसो किसिमको दुखाइ ल्याउँछ । यो कहिलेकाहीँ यति गहिरो र गम्भीर हुन्छ कि दुखाइ मेरुदण्डको तल्लो भाग हुँदै कम्मर र पिठ्यूँसम्म फैलिन्छ । **पाठेघर खुम्चिनु र ढाड दुखाइको सम्बन्ध** पाठेघर शरीरको मध्य भागमा रहेको अङ्ग हो, जुन मेरुदण्ड नजिक हुन्छ । जब पाठेघरको मांसपेशी खुम्चिन्छ, त्यहाँका स्नायुहरू पनि प्रभावित हुन्छन् । विशेषत: तल्लो ढाडको क्षेत्रमा रहेका स्नायुहरूले पाठेघरबाट आउने सन्देशलाई ओसारपोसार गर्छन् । जब प्रोस्टाग्लान्डिनको कारण मांसपेशी धेरै तन्किन्छ, स्नायुहरूमाथि पनि दबाब पर्छ, जसको परिणामस्वरूप कम्मर दुख्ने अनुभव हुन्छ । **शरीरको संरचना पनि कारक** तल्लो ढाड दुखाइको एक अन्य महत्वपूर्ण कारण शरीरको संरचनागत अवस्था पनि हो । महिलाको नितम्ब क्षेत्र पुरुषको तुलनामा फराकिलो हुन्छ । पाठेघरको भार अगाडितिर ढल्किएको हुन्छ । जसले महिनावारीका बेला तल्लो मेरुदण्डमा चाप दिन सक्छ । महिनावारी नजिकिँदा गर्भाशय केही सुन्निएको वा भारी महसुस हुनसक्छ, जसले मेरुदण्डमा थप चाप सिर्जना गर्छ ।

साथै, लामो समय कुर्सीमा बस्ने, झुकेर मोबाइल चलाउने वा बसाइ आसन ठिक छैन, वा लामो समय बस्ने काम गर्नुपर्ने वातावरण छ भने महिनावारीको बेला यो असर अझ बढी देखिन्छ । महिनावारीको समयमा यो तनाव अझ चर्किन्छ, जसले गर्दा ढाड दुखाइ बढी महसुस हुन्छ । **तनाव र मानसिक अवस्था** महिनावारीका दिनहरूमा मात्र होइन, त्यसको केही दिनअघि देखिने लक्षणहरूमध्ये तनाव, थकान र निद्रा नलाग्ने समस्या प्रमुख छन् । यी सबै मानसिक अवस्थाले मांसपेशीहरू झन् कडा पार्छ ।

# सरकारी सबै पदमा खुला विज्ञापन सम्भव छैन : मन्त्री न्यौपाने

***काठमाडौं,०७ भदौ ।***

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले सरकारी सबै पदहरू खुला विज्ञापनमार्फत भर्ना गर्न सक्ने अवस्था नरहेको स्पष्ट पारेकी छन् । शुक्रबार राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको बैठकमा बोल्दै मन्त्री न्यौपानेले, सबै पदमा खुला प्रतिस्पर्धा गर्दा कर्मचारीहरू कार्यालयको कामभन्दा लोक सेवा आयोगको तयारीतर्फ बढी केन्द्रित हुने बताइन् । "खरिदार र नासुमा समान योग्यता र कोर्ष भएकाले यदि दुवै पद खुला गरियो भने कर्मचारीहरू कार्यालयको काम छोडेर परीक्षामा मात्रै ध्यान दिन्छन्," मन्त्री न्यौपानेले स्पष्ट पारिन् । प्रतिनिधि सभाबाट पारित भइसकेको संघीय निजामती सेवा विधेयक अनुसार,



अब नायब सुब्बा र सहसचिव पदमा खुला विज्ञापन हुने छैन । खरिदार तहका कर्मचारीहरूले आन्तरिक बढुवामार्फत मात्र नायब सुब्बामा प्रवेश पाउने व्यवस्था गरिएको छ । विधेयकले उपसचिव, शाखा अधिकृत र सहायक (खरिदार) पदमा मात्र खुला प्रतिस्पर्धाबाट प्रवेशको व्यवस्था गरेको छ । साथै, उपसचिव तहमा १० प्रतिशत पद खुला विज्ञापनमार्फत पूर्ति गरिनेछ । नयाँ व्यवस्थाअनुसार, उपसचिव पदमा प्रतिस्पर्धा गर्न शाखा अधिकृतको पदमा कम्तीमा ७ वर्ष सेवा पूरा गर्नुपर्नेछ । अहिलेसम्म सहसचिव पदमा खुला प्रतिस्पर्धा हुने व्यवस्था रहे पनि विधेयक पारित भएपछि सहसचिवमा खुला प्रतिस्पर्धा गर्ने प्रावधान हट्नेछ ।

# संसारी माई मन्दिरलाई छ्पकैया नेपाली समाजले पंखा सहयोग

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

छ्पकैया नेपाली समाजले बीरगन्ज महानगरपालिका-२ स्थित श्री संसारी माई मन्दिरलाई चार थान सिलिङ पंखा सहयोग गरेको छ । लामो समयदेखि जीर्ण अवस्थामा रहेका पंखाले भक्तजनहरूलाई असहज बनाइरहेको अवस्थामा समाजले सहयोग गर्दै भक्तजनहरूको सुविधा सुनिश्चित गरेको हो । शनिबार आयोजित कार्यक्रममा समाजका अध्यक्ष धिरज शर्माले मन्दिर सञ्चालक समिति अध्यक्ष प्रदीप राउत कुर्मी र पुजारीलाई संयुक्त रूपमा पंखा हस्तान्तरण गरे । समाजका सचिव अजित भुजेलका अनुसार, तीज र पञ्चमी पर्व नजिकिँदै गर्दा भक्तजनहरूको सहजता सुनिश्चित गर्न यो कदम चालिएको हो । अब मन्दिरमा आउने भक्तजनहरूले पूजा-पाठ, भजन-



कीर्तन र अन्य धार्मिक अनुष्ठानहरू आरामदायी वातावरणमा गर्न सक्नेछन् ।

कार्यक्रमका क्रममा समाजका अध्यक्ष शर्माले छ्पकैया नेपाली समाजले सामाजिक उत्तरदायित्व अन्तर्गत सरसफाइ, स्वास्थ्य शिविर, रक्तदान, चाडपर्वमा प्रसाद वितरण, र चिसोमा न्यानो कपडा तथा कम्बल वितरण जस्ता कामहरू गर्दै आएको जानकारी दिए । उनले आगामी दिनमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । हस्तान्तरण कार्यक्रममा समाजका सचिव अजित भुजेल, सदस्य प्रकाश शाह, कृष्ण कार्की, शम्भु थापा, विजय पौडेल तथा मन्दिर सञ्चालक समिति सदस्य शन्नी गुप्ता लगायतको उपस्थिति थियो ।

# ७ वर्षीया बालिकाको हाडजोर्नी शल्यक्रिया सफल

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

सडक दुर्घटनामा गम्भीर रूपमा घाइते भएकी ७ वर्षीया बालिकाको बीरगन्जमा सफल शल्यक्रिया गरिएको छ । दुर्घटनामा परेपछि उनको खुट्टा भाँचिँदा हड्डी छाला र मासु छेडेर बाहिर निस्किएको र अत्यधिक रक्तस्राव भएको अवस्थामा उनलाई तत्काल अस्पताल लगिएको थियो । प्रभु हस्पिटलका वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. नवनीत रौनियारको नेतृत्वमा चिकित्सक टोलीले आपतकालीन अवस्थामा शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेको अस्पतालले जनाएको




छ । हाल घाउ पूर्ण रूपमा निको भइसकेको र बालिका डिस्चार्ज भएर घर फर्किसकेको जानकारी दिइएको छ । चिकित्सकहरूको अनुसार, करिब डेढ महिनाभित्र बालिका आफ्नै खुट्टामा सामान्य रूपमा हिँड्न सक्ने अवस्थामा पुग्ने विश्वास गरिएको छ । बालिकाको उपचारमा संलग्न डा. रौनियार र सम्पूर्ण स्वास्थ्यकर्मी टोलीलाई परिवार तथा स्थानीयहरूले आभार

बाँकी तेश्रो पृष्ठमा

# नेपाल जनता पार्टीद्वारा हिन्दू राष्ट्र स्थापनाका लागि जागरण भेला सम्पन्न

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

नेपाल जनता पार्टी (नेजपा) ले बहुदरमाई नगरपालिका-८, रामनगरीमा हिन्दू राष्ट्र स्थापनाका लागि जागरण भेला एवं छलफल कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा बोल्दै नेजपाका केन्द्रीय वरिष्ठ नेता सन्तोष पटेलले धर्मनिरपेक्षताको नाममा हिन्दू समाजमाथि दमन, शोषण र अत्याचार भइरहेको आरोप लगाए । उनले भने, "धर्म बेचुवा दलहरुलाई अब तह लगाउनु पर्ने बेला आएको छ । हाम्रो भूमि विदेशीहरुको प्रयोगशालामा परिणत



भएको छ । अब नेपाली जनतासामू प्रश्न उठेको छ–धर्म रक्षा गर्ने कि धर्म बेचुवा दलको पछि लाग्ने?"
सन्तोष पटेलले जिहाद, गौ हत्या र धर्म परिवर्तन जस्ता विषयलाई समाजका लागि खतरनाक भन्दै हिन्दू राष्ट्र मात्र सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्ने सेतुको काम गर्ने धारणा राखे । उनले थपे, "सच्चा नेपालीले हिन्दू राष्ट्रको विरोध गर्दैन, विदेशी एजेन्टहरुले मात्र विरोध गर्छन् ।

बाँकी तेश्रो पृष्ठमा

# ब्रह्माकुमारी राजयोगद्वारा एकैदिन ६ हजार केन्द्रबाट रक्तदान अभियान सञ्चालन

***जनकपुर,०७ भदौ ।***

"रक्तदान गरौं, जीवन बचाऔं" नारासहित ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले विश्ववन्धुत्व दिवस तथा राजयोगिनी प्रकारमणी दादीको १८औं पुण्यतिथिको अवसर पारेर विशाल रक्तदान अभियान २०८२ सुरु गरेको छ । केन्द्रकी राजविराज प्रमुख संचालिका भगवती दिदीका अनुसार विश्वभर रहेका ६ हजार सेवा केन्द्रमा एकै दिन रक्तदान कार्यक्रम सञ्चालन गरिएको छ । यस अभियानको प्रमुख उद्देश्य भनेको रगतको अभावका कारण कसैले पनि ज्यान गुमाउन नपरोस भन्ने हो । उनले यो साताव्यापी कार्यक्रमले बिरामी र रक्तसंचार केन्द्रलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गरिन् । समाजसेवी तथा जेष्ठ नागरिक संघ मधेश प्रदेशका अध्यक्ष शंकर सारदाले रक्तदानलाई पुण्यको काम ठहराउँदै अभियानले रगतको अभाव झेलिरहेका बिरामीलाई महत्वपूर्ण सहयोग पुऱ्याउने बताए ।



उनले १ सय १४ पटक रक्तदान गरेका अनुभवसहित रगतदान गर्दा स्वास्थ्यमा कुनै असर नपरेको पनि बताए । रेडक्रस सोसाइटी शाखा सप्तरीका गजेन्द्र नारायण सिंह अस्पतालमा सञ्चालन हुने रक्तसंचार सेवा केन्द्रका इन्चार्ज नविन झाले भने, "उपचारका लागि आउने बिरामीका परिवारका लागि रगतको अभाव सबैभन्दा ठूलो समस्या हो । यस्तो अभियानले ठूलो राहत दिएको छ ।" कार्यक्रमको पहिलो दिनमा प्रमोद कुमार यादव, दिनानाथ यादव, विमला महतो, ललिता साह, नन्दकिशोर गुप्ता र उमेश यादवसहित २५ जनाले रक्तदान गरेका थिए । यसै अवसरमा सर्वाधिक १ सय १४ पटक रक्तदान गर्ने गोविन्द सिंह, समाजसेवी शंकर सारदा र अन्य रक्तदाताहरूलाई भगवती दिदीले कदरपत्र प्रदान गरी सम्मान गरेकी थिइन् ।

# बीरगन्ज नाकाबाट आयात-निर्यात दुवैमा वृद्धि

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०७ भदौ ।***

चालु आर्थिक वर्षको पहिलो महिना साउनमा वीरगञ्ज नाकाबाट हुने आयात र निर्यात दुवैमा उल्लेखनीय वृद्धि भएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार साउन महिनामा मात्र रु ६८ अर्ब १७ करोड मूल्य बराबरका वस्तु र सामान आयात भएका छन्, जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिका रु ६० अर्ब ६ करोडको



तुलनामा रु ८ अर्ब ११ करोडले बढी हो ।त्यस्तै, निर्यात पनि उल्लेखनीय रूपमा बढेको छ । चालु आवको साउनमा रु ८ अर्ब ४५ करोडको सामान विभिन्न मुलुकमा निर्यात गरिएको छ, जबकि गत आवको सोही महिनामा निर्यात रु ३ अर्ब ५ करोड मात्र थियो ।
भन्सार कार्यालयका अनुसार, चालु साउनमा रु १८ अर्ब ४४ करोड राजस्व सङ्कलन भएको छ, जुन गत आर्थिक वर्षको सोही अवधिमा संकलित रु १५ अर्ब ९२ करोडको तुलनामा उल्लेखनीय वृद्धि हो ।

हैजा तथा झाडापखाला लगायत पानीजन्य रोगहरुबाट बच्न स्वस्थ व्यवहार अपनाऔं



- उमालेर वा क्लोरिन झोल हालेर शुद्धिकरण गरिएको पानी मात्र पिऔं ।
- खानेपानीलाई सधैं सफा भाँडामा ढाकेर राखौं । सफा भाँडाले मात्र खानेपानी निकालौं ।
- खानेकुरालाई राम्ररी पकाएर मात्र खाऔं । सडेगलेको, बासी र झिङ्गा भन्केको खानेकुरा नखाने । खानेकुरा सफा भाँडाले ढाकेर राखौं ।

वीरगन्ज महानगरपालिका कार्यपालिकाको कार्यालय
वीरगन्ज , पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा